फोन.नः ०४८-५४०११
०४८-५४०५९८

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
वागमति प्रदेश,नेपाल

प.सं.२०७९/ ८०
च.नं.

मिति : २०८०/०१/२५

**बिषय : सूचना । सूचना ।। सूचना ।।।**

प्रस्तुत बिषयमा यस रामेछाप जिल्ला मन्थली नगरपालिका वडा नं.६ कुविण्डे, हुलाकडाडां, वेतिनीमा गाई/गोरुहरुमा Lampy Skin Disease (लम्की स्कीन डिजिज) संग मिल्दो जुल्दो लक्षणहरु देखापरेको जानकारी प्राप्त भएको छ । लम्की स्कीन डिजिज पशु चौपायाहरुमा विषाणुबाट लाग्ने एक संक्रमक रोग हो । यो रोग विशेष गरि किर्ना,लामखुट्टे जस्ता जैविक माध्यमहरुको टोकाईबाट सर्ने गरेको पाईन्छ । यसका साथै संक्रमित पशुको रयाल र प्रत्यक्ष सम्पर्कबाट एउटा पशुबाट अर्को पशुमा सर्ने गर्दछ ।

**यो रोग लागेमा निम्न लक्षणहरु देखिन्छन** :

१ उच्च ज्वरो (१०४ डिग्री फरेनहाइट वा सो भन्दा माथी) आउनु ।

२ केहि समयपछि शरिरका बिभिन्न भागहरुका छालामा गिर्खाहरु देखिनु ।

३ केही पशुहरुमा एउटा वा चारवटै खुट्टाहरु सुनिन्नु ।

४ दुध दिने पशुहरुको दुध उत्पादनमा ८०% भन्दा बढि गिरावट आउनु ।

५ छालाका गिर्खाहरु फुटेर घांउ हुन सक्ने वा समयमा उपचार नपाएमा विमारी पशुहरुको मृत्यु समेत हुन सक्दछ ।

६ यो रोग भैसीमा भन्दा गाई र गोरुहरुमा धैरै देखिने गर्दछ ।

**रोगको रोकथामको उपाय :**

१ विमारी पशुलाई तुरुन्तै बथानबाट छुट्टै राख्ने ।

२ गोठलाई नि:सक्रमण तथा सर-सफाई गर्ने ।

३ विमारी पशुको रोग प्रतिरोधात्मक क्षमता बढाउन पोषिलो घांस/दाना दिनुका साथै रोग प्रतिरोधात्मक क्षमता बढाउने औषधिहरुको प्रयोग गर्ने।

४ किर्ना लामखुट्टे जस्ता जैविक माध्यमहरुको नियन्त्रण र उपचार अबलम्वन गर्ने ।

५ हालको गाई भैसी खरिद/बिक्रि तथा ढुवानीमा विशेष सतर्कता अपनाउने ।

६ माथीका जस्ता लक्षणहरु चौपायहरुलाई देखा परेमा तुरुन्त नजिकको पशु सेवा/स्वास्थ्य प्राविधिकहरुबाट परामर्श लिने ।

मुकुन्द कुमार खड्का
पशु विकास अधिकृत
(भेटेरिनरी)

फोन.नः ०४८-५४०११
०४८-५४०५९८

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली,रामेछाप
वागमति प्रदेश,नेपाल

प.सं.२०७९ / ८०
च.नं.

**पशु सेवा/स्वास्थ्य प्राविधिकहरुको सम्पर्क नं.**

| क्र.सं. | प्राविधिकको नाम थर | पद | कार्यक्षेत्र रहेको वडा नं.हरु | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | श्री नर्मिला प्रधान | ना.प.से.प्रा.(सहायकस्तर चौथो) | १ र ६ | ९८४४१२४७५ |
| २ | श्री कौशिल्या शाह | ना.प.स्वा.प्रा.(सहायकस्तर चौथो) | २ र ३ | ९८४७०३०५४८ |
| ३ | श्री बबिता प्रधान | ना.प.से.प्रा.(सहायकस्तर चौथो) | ४ र ५ | ९८६६४५४६६९ |
| ४ | श्री गणेश कार्की | ना.प.से.प्रा.(सहायकस्तर चौथो) | ७ र ८ | ९८४०७३४४११ |
| ५ | श्री सुमन गिरी | ना.प.से.प्रा.(सहायकस्तर चौथो) | ९ र १० | ९८४९०८३३९४ |
| ६ | श्री रामप्रवेश राम | ना.प.स्वा.प्रा.(सहायकस्तर चौथो) | ११ र १२ | ९८६२८८३९९५ |
| ७ | श्री दिनेश अधिकारी | प.से.प्रा. (सहायकस्तर पाचौ) | १३ र १४ | ९८६२६०३२९१ |

मन्थली नगरपालिका पशु सेवा शाखाको सम्पर्क नं.०४८-५४००३२

मुकुन्द कुमार खड्का
सहायक पशु विकास अधिकृत
(भेटेरिनरी)